नेपाल सरकार

# विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

सिंहदरवार काठमाण्डौ ।

## अवधारणापत्र सम्बन्धी

## सूचना

प्रकाशन मितिः २०८३/०५/३०

विधायन ऐन, २०८१ को दफा ४ को उपदफा (४) बमोजिम नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन,२०४८(नास्ट) कानूनलाई संशोधन र एकिकरण(प्रतिस्थापन) गर्न वनेको विधेयकको मस्यौदा तर्जुमाको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/०५/२५ मा सिद्धान्त स्वीकृति भएकोले तपसिल वमोजिमको "अवधारणापत्र" यस मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिएको छ ।

**तपसिल**

**नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ (नास्ट) कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा सम्बन्धी**

**अवधारणा-पत्र**

**पृष्ठभूमि (Back Ground)**

नेपालमा विज्ञान तथा प्रविधिको व्यवस्थित र संस्थागत विकास गर्ने मूल ध्येयका साथ वि.सं. २०३९ सालमा 'नेपाल (राजकीय) विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (रोनास्ट)' को स्थापना एक विशिष्ट र स्वायत्त संगठित संस्थाको रूपमा भएको थियो। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ ले यस संस्थालाई विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान, प्रवर्द्धन र देश सुहाउँदो प्रविधिको पहिचान गर्ने सर्वोच्च प्राज्ञिक निकायको रूपमा स्थापित गरेको थियो। विगत तीन दशकको अवधिमा नास्टले प्रविधिको विकास, वैज्ञानिकहरूको सम्मान, नमूना परिक्षण र जनचेतना अभिवृद्धिमा योगदान पुर्‍याएको तथ्य सर्वविदितै छ।तथापि, विश्वमा सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स, नानो प्रविधि, जैविक प्रविधि र नवीकरणीय ऊर्जाको क्षेत्रमा अभूतपूर्व क्रान्ति आइसकेको छ। चौथो औद्योगिक क्रान्तिको युगमा देशको समग्र विकासलाई डोर्‍याउन विज्ञान र प्रविधिलाई केवल अनुसन्धानमा मात्र सीमित नराखी नवप्रवर्तन र उद्यमशीलतासँग जोड्नु अनिवार्य भइसकेको छ।

हाल नेपालमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय स्थापना भएको, बजेट व्यवस्थापन भएको र अनुसन्धान, नवप्रवर्तन, प्रविधि विकास, ईन्कुवेसन सेन्टर स्थापना, प्रोटोटाइप विकास भएका अनुसन्धानमा अनुदान लगायतको लागि विभिन्न प्रयासहरू गर्न देखिन्छ। यस्तो अवस्थामा देशमा वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनको लागि उपयुक्त वातावरणको निर्माण गर्न तड्कारो भएको छ। विश्वविद्यालय, अनुसन्धान संस्थाहरू र बजारबीच प्रभावकारी समन्वयको आवश्यक छ। नवप्रतिभावान युवा वैज्ञानिक र प्राविधिकहरूले स्वदेशमा वृत्ति विकास र अनुसन्धानको

अनुकूल वातावरण नपाउँदा तीव्र गतिमा विदेश पलायन भइरहेका छन्। यस परिप्रेक्ष्यमा, नास्टको साविकको सांगठनिक संरचना, प्रक्रिया र कानुनी सीमितताहरूलाई व्यापक रूपमा परिमार्जन गरी नयाँ कानुनी आधार तयार गर्न साविकको ऐनमा परिमार्जनले मात्र हालको आवश्यकता सम्बोधन नहुने भएकोले नयाँ प्रतिस्थापन ऐन तयार गर्न यस अवधारणापत्र तयार गरिएको छ।

१. नयाँ ऐन बनाउनुपर्ने आवश्यकता:

(क) संवैधानिक कारणः

नेपालको संविधानको भाग ४ मा उल्लिखित 'राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व' अन्तर्गत धारा ५१ (ज) मा सामाजिक न्याय र विकास सम्बन्धी नीति स्पष्ट रूपमा तोकिएको छ। उक्त नीतिमा 'वैज्ञानिक अध्ययन, अनुसन्धान, आविष्कार, प्रविधिको उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक र विशिष्ट प्रतिभाहरूको संरक्षण र कदर गर्ने' दायित्व राज्यलाई सुम्पिएको छ। संविधानको यस मर्मलाई कार्यान्वयन गर्न नास्टलाई केवल प्राज्ञिक थलोमा मात्र सीमित नगरी राष्ट्रिय विकासको रणनीतिक साझेदार र व्यावहारिक अनुसन्धानको नेतृत्वकर्ता बनाउनु कानुनी दायित्व हो। साविक नास्ट ऐन, २०४८ मा नवप्रवर्तनको अवधारणा, स्टार्टअप प्रवर्द्धन र ब्रेन गेन स्थापना गर्ने अधिकार क्षेत्र नै नभएकाले संविधान अनुकूल नयाँ कानूनको आवश्यकता खड्किएको हो।

(ख) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३

नेपाल सरकारद्वारा जारी नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को नियम (५) अनुसूची-२ को बुँदा नं. १४ बमोजिम विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको जिम्मेवारी अन्तर्गत निम्नलिखित १७ वटा कार्यहरु उल्लेख गरेका छन्।

(१) विज्ञान प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड,
(२) वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान,
(३) विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र बिकास,
(४) विज्ञान प्रविधि विषयक तथ्याङ्क, सङ्कलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड,
(५) पारमाणिक प्रविधि, रेडियोधर्मी पदार्थहरुको गुणस्तर तथा उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन,
(६) जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
(७) ओजोन अध्ययन, सौर्य विकिरण मापन तथा सूचना प्रवाह,
(८) वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणिकरण ,
(९) रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
(१०) पारमाणविक पदार्थ, बेवारिसे श्रोतहरुको खोज तथा पुनर्लाभ र व्यवस्थापन,
(११) आणविक उर्जासम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(१२) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वेधशाला र विज्ञान सङ्ग्रहालय,
(१३) नवप्रवर्तन सम्बन्धी निति, कानून, योजना, अनुसन्धान, प्रविधि,
(१४) वस्तु तथा सेवा, प्रक्रिया, प्रविधि, डिजाइनको बिकास, सुधार, प्रयोग,
(१५) उद्योग, व्यवसाय र समाजका विविध क्षेत्रमा औद्योगिक बिकासका नवीनतम अवधारणा (Industry ४.०, Industry ५.०) को अध्ययन, अनुसन्धान तथा उपयोग ,
(१६) मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थसँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय।
(१७) मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

(ग) अन्तराष्ट्रिय दायित्वः हाल सुस्त गतिमा रहेको नेपालको आर्थिक वृद्धिलाई गति दिन, विज्ञान, प्रविधि तथा नवप्रवर्तनको भूमिका अहम हुन्छ। नेपाल अहिले विश्वमा उदाएका र द्रुत गतिले प्रगति भइरहेको वैज्ञानिक अनुसन्धान र प्रविधि विकासमा निकै पछि परेको छ। यसैले नेपालले अन्तर्राष्ट्रिय साथ सहयोग जुटाउन आवश्यक नीति, रणनीतिको तर्जुमा र संस्थागत क्रियाशिलता अघि बढाउनु जरुरी भएको छ ।

(घ) सर्वोच्च अदालतको फैसलाः

सर्वोच्च अदालतले विभिन्न समयमा वैज्ञानिकहरूको बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्न, स्वदेशी प्रविधिको संरक्षण तथा संवर्द्धन गर्न र देशमा कार्यरत वैज्ञानिक जनशक्तिलाई उचित वृत्ति विकासको अवसर प्रदान गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेशहरू जारी गरेको छ। यी आदेशहरूको पालना गर्न र नेपालमा वैज्ञानिक अनुसन्धानका लागि अनुकूल र प्रतिस्पर्धी कानुनी वातावरण बनाउन विद्यमान ऐन, नियमहरूमा परिवर्तन गर्नु आवश्यक छ।

(ङ) सरकारको नीति तथा कार्यक्रमः

(१) सोह्रौं योजना (२०८१/८२-८५/८६)

नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले मुलुकको अर्थतन्त्रको संरचनात्मक रूपान्तरणका लागि उत्पादन र उत्पादकत्व अभिवृद्धिमा जोड दिएको छ। सोह्रौं योजनाको मुख्य लक्ष्य नेपाललाई सन् २०२६ सम्ममा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा सफलतापूर्वक स्तरोन्नति गर्नु हो। स्तरोन्नति पश्चात वैदेशिक व्यापार र सहयोगमा प्राप्त भइरहेका केही सुविधाहरू कटौती हुने सन्दर्भमा स्वदेशी उत्पादकत्व बढाउन र आयात प्रतिस्थापन गर्न आधुनिक प्रविधिको स्वदेशी विकास अत्यन्त संवेदनशील विषय हो। सोह्रौं योजनाले लिएको 'सुशासन, सामाजिक न्याय र समृद्धि' को दीर्घकालीन लक्ष्य हासिल गर्न विज्ञान, प्रविधि र डिजिटल रूपान्तरणलाई अर्थतन्त्रको इन्जिन बनाउनु आवश्यक छ। नयाँ विधेयकले नास्टलाई देशको आर्थिक विकासका प्राथमिकताप्राप्त क्षेत्रहरू (कृषि, ऊर्जा, पर्यटन, र साना तथा मझौला उद्योग) सँग प्रत्यक्ष जोड्ने छ। जसले गर्दा प्रविधिको विकास र हस्तान्तरण द्रुत गतिमा भई स्तरोन्नति दिगो र स्थायी हुनेछ।

(२) राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६

| राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ को लक्ष्य | विद्यमान ऐनको सीमितता | प्रस्तावित नयाँ व्यवस्थामा समेट्नुपर्ने विषय |
|---|---|---|
| १. नवप्रवर्तन र उद्यमशीलताको प्रवर्द्धन गर्ने। | ऐनमा नवप्रवर्तन शब्द र स्टार्टअप प्रवर्द्धनको कार्यक्षेत्र नै नभएको। | विषयगत इन्क्युवेसन सेन्टरहरू स्थापना गरी उद्यमशीलतासँग जोड्ने कानुनी व्यवस्था। |
| २. बौद्धिक पलायन रोकी स्वदेशमै युवा वैज्ञानिक टिकाउने। | अनुसन्धानवृत्ति र वैज्ञानिकहरूको वृत्ति विकास सम्बन्धी प्रावधान फितलो भएको। | युवा वैज्ञानिक स्वयं-सेवा कार्यक्रम र स्टार्टअप बीउ पूँजीको कानुनी ग्यारेन्टी। |

(च) अन्य कुनै कारणः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम विज्ञान र प्रविधि क्षेत्रको नीति, योजना, प्रवर्द्धन र समन्वयको मुख्य जिम्मेवारी विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयलाई तोकिएको छ।

मन्त्रालय अन्तर्गत विज्ञान प्रविधिको बजेट परिचालन, नीतिगत मार्गदर्शनको व्यवस्था भए तापनि कार्यान्वयन गर्ने स्वायत्त र विशिष्टीकृत संस्था नास्ट र मन्त्रालयबीच सांगठनिक र प्रक्रियागत खाडल रहेको छ।

२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :

विद्यमान 'नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८' र यस अन्तर्गत बनेका नियमावलीहरू समीक्षा गर्दा देहाय बमोजिमका मुख्य कानूनी र संरचनागत कमजोरीहरू देखिन्छन् । तलका कमि कमजोरीहरू हटिसकेपछि मात्र उपलब्धिहरू हासिल गर्न सकिनेछ ।

क) **सांगठनिक जटिलताः** वर्तमान अवस्थामा संस्थाको सर्वोच्च प्राज्ञिक निकाय 'प्राज्ञ सभा' ठूलो आकार भएकोले यसलाई छिटो, छरितो र सहजताको लागि संशोधन र एकिकरण गर्नु आवश्यक देखिएकोछ । हाल नास्टमा वैज्ञानिक, प्राविधिक जनशक्ति भन्दा प्रशासनिक र सहायक स्तरका कर्मचारीहरुको बाहुल्य छ।

ख) **विशिष्टीकृत सेवा आयोगको असान्दर्भिकताः** साविक ऐन अन्तर्गत छुट्टै 'नास्ट सेवा आयोग' को व्यवस्था छ। नेपालको वर्तमान संविधानको मर्म अनुरूप संगठित संस्थाहरूको स्थायी कर्मचारी भर्ना तथा बढुवा लोक सेवा आयोगको क्षेत्राधिकार भित्र ल्याउनुपर्ने संवैधानिक बाध्यता रहेको छ। तसर्थ, साविकको नास्ट सेवा आयोग खारेज गरी लोक सेवा आयोगमार्फत नै पदपूर्ति गर्ने व्यवस्था ऐनमै गर्नुपर्नेछ।

ग) **वैज्ञानिक सेवा र प्रशासनिक सेवाको बेमेलः** कर्मचारी नियमावली, २०६४ ले वैज्ञानिक सेवा र प्रशासनिक सेवालाई स्पष्ट रुपमा वर्गीकरण गरे पनि अनुसन्धान र प्रविधि हस्तान्तरण कार्यलाई प्रेरित गर्ने गरी वैज्ञानिकहरूको वृत्ति विकास र प्रोत्साहनको व्यवस्था हुन सकेको छैन।

घ) **नवीन प्रविधि र नवप्रवर्तन कार्यक्षेत्रको अभावः** साविक ऐन, २०४८ मा आर्टिफिसियल इन्टेलिजेन्स, क्लाउड कम्प्युटिङ, नानो टेक्नोलोजी र नवप्रवर्तन जस्ता समसामयिक विधाहरू उल्लेख भएको देखिदैन। यसले गर्दा नास्ट नयाँ प्रविधिको अनुसन्धान र हस्तान्तरणमा कानुनी रुपमै पछि परेको देखिन्छ।

ङ) नास्टलाई राष्ट्रको उत्कृष्ट अनुसन्धान र प्रविधिको 'विशिष्टताको केन्द्र' बनाउन देहायका रणनीतिक कार्यहरू नयाँ ऐन अन्तर्गत अघि बढाइनेछः

अ) **बहु-विधागत केन्द्रीय प्रयोगशालाको स्थापनाः** नेपालमा विद्यमान प्रयोगशालाहरूको स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरको बहु-विधागत केन्द्रीय अनुसन्धान प्रयोगशालाको स्थापना गरिनेछ, जहाँ विश्वविद्यालयका अनुसन्धानकर्ताहरू, नवप्रवर्तनमा ईच्छुक युवाहरुले समेत अनुसन्धान गर्न सक्नेछन्।

आ) **हिमाली क्षेत्र विशिष्ट अनुसन्धान केन्द्रः** नेपालको विशिष्ट भौगोलिक बनोट (जैविक विविधता र हिमाली जलवायु परिवर्तन) लाई मध्यनजर गर्दै विश्वस्तरीय हिमाली अनुसन्धान केन्द्रको स्थापना गरी विदेशी वैज्ञानिकहरूलाई समेत संयुक्त अनुसन्धानमा आबद्ध गराइनेछ।

इ) **पेटेन्ट दर्ता र बौद्धिक सम्पत्ति प्रवर्द्धनः** स्वदेशी वैज्ञानिक आविष्कारहरूको पेटेन्ट अधिकार सुरक्षित गर्न नास्टले कानुनी र प्राविधिक सहयोग प्रदान गर्नेछ र पेटेन्ट दर्ताको संख्या बढाउन प्रोत्साहित गर्नेछ।

ई) युवा वैज्ञानिक, प्रतिभावान जनशक्ति र उद्यमीलाई स्वदेशमै बस्ने अवसर सिर्जना गर्ने कानुनी प्रवन्ध गर्नेछ ।

उ) **युवा वैज्ञानिक स्वयं-सेवा कार्यक्रम ('जनतासँग युवा वैज्ञानिक'):** प्रतिभावान युवा वैज्ञानिकहरूलाई विद्यालय र स्थानीय तहको प्राविधिक समस्या समाधानमा स्वयं-सेवकको रूपमा खटाउने र उनीहरूलाई उचित पारिश्रमिक र अनुसन्धान वृत्ति प्रदान गर्ने।

ऊ) **नवप्रवर्तन स्टार्टअप कर्जा र पुरस्कारः** प्रविधिको सफल विकास र प्रदर्शन गर्ने युवा उद्यमी तथा नव-प्रतिभाहरूलाई बीउ पूँजी, सहुलियतपूर्ण ऋण, र राष्ट्रिय स्तरका पुरस्कारहरू प्रदान गर्ने।

ऋ) **बौद्धिक सञ्चार नेटवर्कः** विदेशमा रहेका गैर-आवासीय नेपाली वैज्ञानिकहरूलाई नेपालमा अल्पकालीन वा दीर्घकालीन रूपमा अनुसन्धान गर्नका लागि राष्ट्रिय सञ्जालमा आवद्ध गराउने र उनीहरूको ज्ञानको सदुपयोग गर्ने।

**३. प्रस्तावित विषयमा मौजुदा कानून भए :**

(क) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८

(ख) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान संगठन तथा व्यवस्थापन सम्वन्धी नियमावली, २०६६

(ग) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान कर्मचारी प्रशासन नियमावली, २०६४ (छैठौं संशोधन सहित)

(घ) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६६

(ङ)

**४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः**

देहायका मुख्य कानुनी कारणहरूले गर्दा पुरानो ऐनमा आंशिक संशोधन गरेर मात्रै अपेक्षित उपलब्धि हासिल हुन सक्दैनः

अ) **कानुनी ढाँचा र परिभाषामा परिवर्तनः** पुरानो ऐनमा नवप्रवर्तन र उद्यमशीलताको कानुनी परिभाषा र उद्देश्य समावेश भएको छैन। ऐनको प्रस्तावनादेखि नै यसको नाम र काममा परिवर्तन गरी 'नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान (NAST) ऐन, २०८३' राख्नुपर्ने भएकाले पुरानो ऐन प्रतिस्थापन गर्नु व्यावहारिक र कानुनी रुपमा उपयुक्त हुन्छ।

आ) **नेतृत्वको ढाँचामा पूर्ण परिवर्तनः** हालको नास्टको प्राज्ञिक व्यक्तिहरू भन्दा प्रशासनिक व्यक्तिहरु नै बढी देखिएको छ ।

इ) **लोक सेवा आयोगको संवैधानिक क्षेत्राधिकारः** साविकको नास्ट सेवा आयोग खारेज गरी लोक सेवा आयोगको क्षेत्राधिकार स्थापित गर्न पुरानो ऐन खारेज गरी नयाँ ऐन तर्जुमा गर्नु संवैधानिक आवश्यकता हो।

ई) **विषयगत इन्क्युवेसन सेन्टर र विशिष्टताको केन्द्रको स्थापनाः** स्टार्टअपहरूलाई उद्यमशीलता सहुलियत र नवप्रवर्तन कोषको स्वायत्त सञ्चालन अधिकार पुरानो ऐनको आर्थिक र प्रशासनिक संरचनामा संशोधन गरेर मात्र सम्भव छैन।

**५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो :**

नेपाल सरकारले राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ मिति २०७६।५।२६ मा मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। उक्त नीति नेपालको संविधानका प्रावधान, विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण, विगतका नीतिगत तथा संस्थागत प्रयासहरूको समीक्षा, संघीय शासन प्रणालीको आवश्यकता, राष्ट्रिय विकासका प्राथमिकता, वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनको विश्वव्यापी प्रवृत्ति, नेपाल पक्ष भएका सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि तथा प्रतिबद्धताहरू, दिगो विकासका लक्ष्य (SDGs) तथा सरोकारवाला निकायहरूबाट, संघीय सरकारका

विभिन्न निकाय र सातवटै प्रदेश सरकारसँग प्रत्यक्ष अन्तरक्रिया र संवादबाट प्राप्त सुझाव र परामर्शलाई आधार बनाई विश्लेषणात्मक, प्रमाणमा आधारित (Evidence Based) तथा परामर्शमूलक (Consultative) विधिबाट तर्जुमा गरी मिश्रित विधिबाट तर्जुमा भएको हो।

६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी :

प्रस्तावित ऐनको मस्यौदा तर्जुमा कार्यमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिवको संयोजकत्वमा मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख, कानून अधिकृत, वैज्ञानिक अनुसन्धानका सम्बन्धी पदाधिकारी, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्रतिनिधि, विज्ञान तथा प्रविधि विकास र उपयोगसँग सम्बन्धित अन्य मन्त्रालय, नेपालको विज्ञान तथा प्रविधि सँग सम्बन्धित विषयगत प्राज्ञ र वैज्ञानिकहरू, सम्बन्धित सरकारी निकायका प्रतिनिधि तथा आवश्यकताअनुसार विषयविज्ञ, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र उद्योगका प्रतिनिधिहरूको सहभागिता रहने व्यवस्था गरिनेछ।

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :

| क.सं. | देश | राष्ट्रिय विज्ञान/प्रविधि अनुसन्धान संस्था | नेपालीमा नाम | संस्था स्थापना/सञ्चालनको प्रमुख कानुनी आधार |
|---|---|---|---|---|
| १. | भारत | Council of Scientific & Industrial Research (CSIR) | वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् | Societies Registration Act, 1860 अन्तर्गत दर्ता; १९४२ मा Central Legislative Assembly को Resolution बाट स्थापना |
| २. | चीन | Chinese Academy of Sciences (CAS) / National R&D Institutions | चिनियाँ विज्ञान प्रतिष्ठान / राष्ट्रिय अनुसन्धान तथा विकास संस्थाहरू | Law of the People's Republic of China on Scientific and Technological Progress; १९९३, पछिल्लो संशोधन २०२१ |
| ३. | बंगलादेश | Bangladesh Council of Scientific and Industrial Research (BCSIR) | बंगलादेश विज्ञान तथा औद्योगिक अनुसन्धान परिषद् | Bangladesh Council of Scientific and Industrial Research Act, 2013 |
| ४. | जापान | National Institute of Advanced Industrial Science and Technology (AIST) | राष्ट्रिय उन्नत औद्योगिक विज्ञान तथा प्रविधि अनुसन्धान संस्था | Act on the National Institute of Advanced Industrial Science and Technology, 1999 |
| ५. | दक्षिण कोरिया | Korea Institute of Science and Technology (KIST) तथा Government-funded S&T Institutes | कोरिया विज्ञान तथा प्रविधि अनुसन्धान संस्था तथा सरकारी वित्तपोषित विज्ञान तथा प्रविधि | Act on the Establishment, Operation and Fostering of Government-funded Science and Technology Research Institutes |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसन्धान संस्थाहरू | |
| ६. | थाइल्याण्ड | National Science and Technology Development Agency (NSTDA) | राष्ट्रिय विज्ञान तथा प्रविधि विकास अभिकरण | National Science and Technology Development Act, 1991 |
| ७. | ताइवान | National Institutes of Applied Research (NIAR) | राष्ट्रिय अनुप्रयुक्त अनुसन्धान संस्थाहरू | Act for Establishment of National Institutes of Applied Research, 2002 |
| ८. | क्यानडा | National Research Council of Canada (NRC) | क्यानडा राष्ट्रिय अनुसन्धान परिषद् | National Research Council Act |
| ९. | अष्ट्रेलिया | Commonwealth Scientific and Industrial Research Organization (CSIRO) | राष्ट्रमण्डलीय वैज्ञानिक तथा औद्योगिक अनुसन्धान संगठन | Science and Industry Research Act 1949 |
| १०. | दक्षिण अफ्रिका | Council for Scientific and Industrial Research (CSIR) | वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् | Scientific Research Council Act, 1988 (Act No. 46 of 1988) |
| ११. | भियतनाम | Vietnam Academy of Science and Technology (VAST) | भियतनाम विज्ञान तथा प्रविधि प्रतिष्ठान | Law on Science and Technology, 2013 तथा Government Decree No. 106/2022/ND-CP |
| १२. | पाकिस्तान | Pakistan Council of Scientific and Industrial Research (PCSIR) | पाकिस्तान वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् | PCSIR सम्बन्धी Ordinance/कानुनी व्यवस्था; Government Rules of Business मा राष्ट्रिय विज्ञान तथा प्रविधि अनुसन्धान निकायका रूपमा समावेश |

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा :**

मन्त्रालयले विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन महाशाखा प्रमुखको संयोजकत्वमा विज्ञ सम्मिलित समिति गठन गरी नास्ट पुनर्संरचना सम्बन्धी सुझाव प्रतिवेदन प्राप्तीको क्रममा रहेको छ।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :**

प्रस्तावित ऐन स्वीकृत भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत आवश्यक जनशक्तिको निर्क्यौल गरिने । नयाँ ऐन बमोजिम सांगठनिक पुनर्संरचना गर्दा थप सांगठनिक संरचना, प्रयोगशालाहरू र विषयगत इन्क्युवेसन सेन्टर, ब्रेन गेन सेन्टरहरूको स्थापनाका लागि थप वार्षिक आर्थिक व्ययभार सिर्जना हुनेछ।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**

हालको संरचनामा सुधार तथा विशिष्टिकृत अनुसन्धान केन्द्र लगायतका संरचना थप आवश्यक पर्ने।

११. प्रस्तावित कानून निर्माण गर्न कुन निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :

प्रस्तावित कानून नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान, २०४८ (नास्ट ऐन) सम्वन्धी विविध सरोकारवालाहरु रहेको, जस्तैः नास्टका प्राज्ञहरु, वैज्ञानिक तथा प्राविधिकहरु, विश्वविद्यालयका प्राध्यापकहरु, विभिन्न व्यावसायिक संस्थाका पदाधिकारीहरु आदि ।। यी सरोकारवालाहरुसँग नियमित भेटघाट, छलफल, परामर्श र प्रस्तुति भइरहेको छ ।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरू देहायबमोजिम रहेका छन्:-

१. प्रतिष्ठानको स्थापना, स्वरुप, उद्देश्य र कार्यक्षेत्र सम्वन्धी विषयहरू,
२. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार सम्वन्धी विषयहरू,
३. प्राज्ञ सभा सम्वन्धी विषयहरू,
४. कार्यकारी परिषद् सम्वन्धी विषयहरू,
५. अध्यक्ष तथा प्रमुख पदाधिकारी सम्वन्धी विषयहरू,
६. प्राज्ञ तथा वैज्ञानिक परिषद् सम्वन्धी विषयहरू,
७. अनुसन्धान, विकास तथा नवप्रवर्तन सम्वन्धी विषयहरू,
८. राष्ट्रिय अनुसन्धान प्रयोगशाला तथा पूर्वाधारः विशिष्टिकृत अनुसन्धान केन्द्र, ईन्कुवेसन सेन्टर, ब्रेन गेन सेन्टर सम्वन्धी विषयहरू,
९. अनुसन्धान अनुदान सम्वन्धी विषयहरू,
१०. प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति तथा व्यावसायीकरण सम्वन्धी विषयहरू,
११. स्टार्टअफ, स्पिनअफ तथा उद्योग सहकार्य सम्वन्धी विषयहरू,
१२. वैज्ञानिक तथा प्राविधिक जनशक्ति सम्वन्धी विषयहरू,
१३. वित्तीय व्यवस्था, कोष तथा लेखापरीक्षण सम्वन्धी विषयहरू,
१४. राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा समन्वय र सहकार्यको साथै अन्तर्राष्ट्रिय सहयोग, सञ्जाल तथा साझेदारी सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी विषयहरू,
१५. सरकारी र गैरसरकारी निकायसँग मिलान गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि सार्वजनिक निजी साझेदारी नमूना सम्वन्धी विषयहरू,
१६. मन्त्रालयको कार्यसँग सम्बन्धित अन्य विषयहरू ।

-----समाप्त -----